
OPEN MIC NEPAL
Listen. Verify. Report

# अङ्क १
असार २०, २०७२

ओपन माईक बुलेटिनको पहिलो अङ्कमा स्वागत छ। ओपन माईक नेपाल भूकम्प प्रभावित जिल्लाका स्थानीय समुदायमा चलेका विभिन्न हल्लाहरूलाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम तथा स्थानीय समुदायलाई सही सूचना पुऱ्याउनमा केन्द्रीत छ। हल्ला फैलिएर क्षती हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

## हल्ला



### सिन्धुपाल्चोक

"चामल चाहिँ पाईयो। १५ हजार चाहिं अझै दिइएको छैन। अबको एक हप्ताभित्र वितरण गर्ने भन्ने सुनेको छु। घरधूरी बढेकाले वितरण नगरेको भन्ने हल्ला छ।"

### ललितपूर

"हामी राहत र परिचय पत्रका लागि भनेर १५ दिनभन्दा बढी धाइसक्यौँ। हिजोआज खेतमा कामको बेला छ। दिनहुँ खेतमा ज्याला नै गर्न गएको भए १५ दिनमा १५ हजार कमाइन्थ्यो। राज्यले हामीलाई मगन्ते जस्तो बनायो।"

## यथार्थ

राहत उपलब्ध गराउन ढिला भएको हो। ढिला हुनाका निम्न कारणहरू हुनसक्छन्।

- टाढा टाढाका गाउँमा समयमा तथ्याङ्क संकलन गर्न नसकिनु
- परिचय पत्र छाप्न समय लाग्नु
- बसोबासको बैकल्पीक व्यवस्था भएका र भूकम्प जानु अघिसम्म एकाघरमा रहकाहरूले पनि भूकम्प पिडित दावी गर्दै परिचय पत्रका लागि आवेदन दिनु
- परिचय पत्र वितरणका क्रममा विवादहरू आउनु
- घरमूलीका सम्वन्धमा परिवार भित्रै पनि विवाद हुनु

राहत रकम वितरणको समयका बारेमा गाउँ विकास समिति वा नगरपालिका वडाहरूमा सम्पर्क गर्नु उपयुक्त हुन्छ।


**बलभद्र गिरी**
प्रमूख जिल्ला अधिकारी,
सिन्धुपाल्चोक
फोन : ९८५१२५७७७७

**यादब प्रसाद कोईराला**
प्रमूख जिल्ला अधिकारी, ललितपूर
फोन : ९८५१२२७७७७

OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क ५
असार २०, २०७२

# हल्ला



## गोरखा

"आफै अस्थाई टहरा निर्माण गर्दा सरकारले जस्तापाता खरिद गर्नका लागि दिने रु. १५,००० गुम्ने त होईन भन्ने आशंकाले कतिपय गाउँका भूकम्प पिडित अझैपनि टहरा नबनाई बसेका छन्। "

## सिन्धुपाल्चोक

"गैरसरकारी संस्था तथा सहयोगीहरूले जस्तापाता उपलब्ध गराएको वा अस्थाई टहरा निर्माण गरेको अवस्थामा रु. १५००० पाइन्छ कि पाइँदैन ? कतै गैरसरकारी संस्थाले जस्तापाता उपलब्ध गराउने भनेको कारणले रकम वितरणमा ढिलाई भएको त होईन ? "

# यथार्थ

भूकम्पबाट बास गुमाएका परिवारका लागि तत्काल अस्थाई बसोबासको प्रबन्ध गर्न रु. १५,००० उपलब्ध गराउने व्यवस्था गरिएको हो। यो रकम पछि घर निर्माणका लागि सरकारले दिने घोषणा गरेको रु. २ लाख अनुदानबाट कट्टा हुन्छ।

घरमूलीले आफ्नो अन्यत्र बसोबासको व्यवस्था नभएको घोषणा गरेपछि प्रक्रिया पूरा गरेर पिडित परिवारलाई रकम उपलब्ध गराइन्छ।

सबै दलको प्रतिनिधित्व रहेको राहत वितरणको स्थानीय संयन्त्रले घरको क्षतिको विवरण संकलन र छानवीन गरेपछि मात्र रकम वितरण गरिन्छ।


भूकम्प पिडित परिचय पत्र सँगै यो रकम उपलब्ध गराइन्छ।

संघसंस्था वा व्यक्तिले अस्थाई बसोबासको प्रबन्ध गरिदिएको वा निर्माण सामग्री उपलब्ध गराएको अवस्थामा पनि रु. १५,००० पाउनबाट भूकम्प पिडित बञ्चित हुँदैनन्।

**बलभद्र गिरी**
प्रमूख जिल्ला अधिकारी,
सिन्धुपाल्चोक
फोन : ९८५१२५७७७७

**उद्धव प्रसाद तिमल्सिना**
प्रमूख जिल्ला अधिकारी, गोरखा
फोन : ९८५६०५७७७७

# हल्ला तथा टिप्पणी



## नुवाकोट

"ठाउँ-ठाउँमा जङ्गली जनावरले स्थानीय बासीलाई आक्रमण गरेको हल्ला फैलिएको छ। "

## चौतारा, सिन्धुपाल्चोक

"विभिन्न गाउँमा जङ्गली जनावर र सर्पको त्रास छ। "

## चन्देनी चौतारा र हंसपूर, गोरखा

"सर्प र जङ्गली जनावरको डर बढेको छ। "

## पाँचखाल, काभ्रे

"गर्मीका कारणले सर्पको डर छ। "

# यथार्थ

नुवाकोट जिल्ला प्रहरी कार्यालयमा अहिलेसम्म मान्छेलाई जङ्गली जनावरले आक्रमण गरेको जानकारी प्राप्त भएको छैन। तर, जङ्गलको नजिकको गाउँहरूमा जङ्गली जनावरले आक्रमण गर्न सक्ने खतरा रहेको प्रहरीले जानकारी दिएको छ।

अस्थायी टहरा र पालमा बसेका मानिसहरूलाई जङ्गली जनावरबाट सुरक्षित राख्नका लागि त्यस क्षत्रमा गस्ती गरिरहेको प्रहरीले बताएको छ।

प्रहरीले जङ्गली जनावरले आक्रमण गरेमा वा गर्न सक्ने संभावना देखिएमा तत्काल प्रहरीलाई खबर गर्न आग्रह गरेको छ।

घर वरपर सफा राख्न; सर्पले आहाराका लागि खोजी गर्ने भ्यागुता, मुसा आदिलाई सकेसम्म टहरामा पस्न नदिन; छाप्रा वा टहरा निर्माण गर्दा सकेसम्म झाडी नभएका ठाउँमा गर्न; रातको समयमा टर्चलाइट लिएर मात्र हिड्न; तथा बालबच्चालाई एक्लै नछोड्न सुझाव दिइएको छ।

**अरुण पौडेल**
प्रहरी नायब उपरिक्षक, नुवाकोट
सम्पर्क : ९८५१२२९५५५५

OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क ५
असार २०, २०७२

# हल्ला तथा टिप्पणी



## रसुवा

"सदरमुकाम धुन्चेबाट दुई दिनको पैदल दुरीमा रहेको डाँडागाउँका बासिन्दाहरूले सो गाउँका नदीमा रातो पानी बगेको र नदीका माछाहरू मरेको बताएको भन्ने हल्ला फैलियो।"

## गोरखा

### गोरखा बजार
"पानीका मुहान सुके"

### बारपाक र कासागाउँ
"खानेपानीको अभाव छ"

## रसुवा

"खानेपानी र सरसफाइ समस्याका रुपमा रहेको छ।"

## दोलखा

"केही सहयोग पाइयो, ट्यांकी र शौचालयको प्रबन्ध गरिदिए हुन्थ्यो।"

## धादिङ

### कल्लेरी
"कतिपय पानीका मुहान सुके, बाँकी मुहानको पानी पनि पिउन योग्य छैन।"

### अग्नीचोक र सेलाङ
"खानेकुरा, पानी र बस्ने ठाउँको असुविधा छ।"

## काभ्रे

### रियाले
"खानेपानी र शौचालयको समस्या छ।"

# यथार्थ

फोहोर देखिएको पानी पिउनु हुँदैन। बर्षाको समयमा छाडापखालाको बढि संभावना हुन्छ।

स्वस्थ रहन पानी उमालेर वा सुद्धिकरण गर्ने औषधी प्रयोग गरेर पिउनु पर्छ।

खानेपानी तथा ढल निकास विभागले भूकम्प प्रभावित जिल्लाहरुमा मानवीय क्षेत्रमा काम गरिरहेका संघसंस्थाहरुसँग खानेपानी, सरसफाइ र स्वास्थ्य सम्बन्धी कामको समन्वय गरिरहेको छ।

समूदायले खानेपानीको उपयुक्त व्यवस्थाका लागि ती निकायसँग सम्पर्क गर्न सक्छन्।

मुहानको पानी धमिलो देखिएमा पहिरो जान सक्ने सम्भावना पनि हुनाले सचेत हुनुपर्छ।

**मनोज मिश्र**
जिल्ला संयोजक, रसुवा
सुआहारा कार्यक्रम
फोन : ९७४१११२२७५

**रवि मोहन कोईराला**
खानेपानी तथा ढल निकास विभाग, रसुवा
फोन : ९४६०३५८०९

# हल्ला

## लामिडाँडा, दोलखा

"अहिले जारी भएका सबै परिचय पत्रको छानबिन गरेर पछि रातो रङको अर्कै परिचय पत्र दिइने हुनाले अहिलेको परिचय पत्रको काम छैन भन्ने हल्ला चलेको छ।"



# यथार्थ

परिचय पत्रलाई रङका आधारमा बर्गीकरण गर्ने कुनैपनि व्यवस्था छैन।

एकै किसिमको परिचय पत्रमा घर पूर्ण वा आंशिक क्षती भएको उल्लेख गर्ने व्यवस्था छ।

दोलखामा परिचय पत्र लिएका सबैजसो परिवारको परिचय पत्रमा पूर्ण क्षती उल्लेख छ।

वर्तमान बर्गीकरणलाई परिवर्तन गर्ने वा नयाँ परिचय पत्र प्रदान गर्ने कुनै पनि योजना छैन।

देवेन्द्र लामिछाने
प्रमूख जिल्ला अधिकारी, दोलखा
फोन : ९८५४०१७७७७

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab | Local Interventions Group data-driven development | Internews